# गोदावरी नगरपालिका

# बज्रबाराही,ललितपुर।

गोदावरी नगरपालिका,ललितपुर

**गोदावरी नगरपालिकाको विनियोजन ऐन, २०८१**

# गोदावरी नगरपालिकाको विनियोजन ऐन, २०८१

गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

**प्रस्तावनाः** गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गोदावरी नगरपालिकाको पन्धौं नगरसभाबाट पारित भएको विनियोजन ऐन, २०८१ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"गोदावरी नगरपालिकाको विनियोजन ऐन, २०८१"** रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित भएपछि ऐनको रुपमा आर्थिक वर्ष २०८१/८२ का लागि मिति २०८० श्रावण १ गतेबाट लागू हुनेछ ।

२. **आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८१/८२ को निमित्त गोदावरी नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची-१ मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू.२ अर्ब ४३ करोड १५ लाख १४ हजार निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त गोदावरी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गोदावरी नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

४. नगरपालिका सञ्चालन गर्न आर्थिक ऐन तथा विनियोजन ऐन भित्र रही सबै कार्य गर्न नसकिने विशेष परिस्थितिमा विशेष नगर अधिवेशन बोलाई बजेट नीति तथा कार्यक्रम, आर्थिक ऐन तथा विनियोजन ऐन संशोधन गरी व्यवस्थापन गरिनेछ ।

**अनुसूची-१**
**(आर्थिक ऐन २०८१ को दफा २ सँग सम्बन्धित)**

| क्र.सं. | शिर्षक | रकम |
|---|---|---|
| १ | आन्तरिक श्रोत | ४५ करोड ४४ लाख |

| | | |
|---|---|---|
| २ | संघीय सरकार समानीकरण | १९ करोड ७६ लाख |
| ३ | संघीय सरकार सशर्त चालु | ३९ करोड ९८ लाख |
| ४ | संघीय सरकार सशर्त पूँजीगत | ५ करोड १० लाख |
| ५ | संघीय सरकार समपुरक अनुदान पूँजीगत | १ करोड ५० लाख |
| ६ | संघीय सरकार विशेष अनुदान पूँजीगत | ३ करोड |
| ७ | संघीय सरकार राजश्व बाँडफाँड | १३ करोड ९२ लाख |
| ८ | प्रदेश सरकार सशर्त अनुदान | २ करोड ९७ लाख |
| ९ | प्रदेश सरकार समानीकरण अनुदान | २ करोड १० लाख |
| १० | प्रदेश सरकार राजश्व बाँडफाँड, सवारी कर | ५ करोड ६५ लाख |
| ११ | मालपोत रजिष्ट्रेशन ललितपुर | ३७ करोड |
| १२ | प्रदेश सरकार समपुरक अनुदान पूँजीगत | ३ करोड |
| १३ | प्रदेश सरकार विशेष अनुदान पूँजीगत | ६५ लाख |
| १५ | लागत सहभागिता | २ करोड ५० लाख |
| १६ | गत वर्षको अ.ल्या. | ६० करोड ५६ लाख |
| **जम्मा** | | **२ अर्ब ४३ करोड १५ लाख** |

गोदावरी नगरपालिका, ललितपुर